नेपाल सरकार
भुमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमिब्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय, पाँचथर

फिदिम।

प.सं.०८२/०८३
च.नं. २२०

मिति:२०८२/०८/०२

अर्जुन कुमार श्रेष्ठ
मालपोत अधिकृत

विषय:- ३५ (पैतिसदिने) हक दावी सम्वन्धि सूचना।

पाँचथर जिल्ला वलने गा.वि.स.वडा नं.३ भै हाल झापा जिल्ला कमल गाउपालिका वडा नं.४ स्थायी बसोबास गर्ने चित बहादुर लिम्बूले यस कार्यालयमा नामसारी सम्वन्धमा तपशिल बमोजिम गरी पाँउ भनी निवेदन माग गरेको हुँदा सो बमोजिम कसैको हक दावी भए आफुसँग भएका सम्पुर्ण प्रमाणहरु लिई यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतिस) दिन भित्र यस कार्यालयमा हकदावीको उजुर गर्न हुन सूचना प्रकाशित गरिएको छ। यो सूचना बमोजिम म्यादभित्र कसैले स-प्रमाण दावी नगरेमा निवेदकको माग बमोजिम जग्गा संशोधन सहित नामसारी भई जानेछ।

तपशिल

निवेदकले माग दावी गरेको ब्यहोरा यसप्रकार छ:- यसमा पाँचथर जिल्ला ओलने गा.वि.स.वडा नं.३ भै परिवर्तित तुम्बेवा गाउँपालिका वडा नं.४ पुर्खौली भइ हाल झापा जिल्ला कमल गाउँपालिका वडा नं.४ स्थायी बसोबास गर्ने मैत सिंको नाती हर्क बहादुर लिम्बूको छोरा किन्द बहादुर लिम्बू भन्ने मेरो बाबु सेर बहादुर लिम्बूको मिति २०५४/०७/०६ मा आफ्नै कालगतिले मृत्यु भएको, मृतक बाबुका दुई मात्र श्रीमतीहरु जेठी पवि लिम्बूको मिति २०२९ सालमा मृत्यु भएको र निजबाट १ मात्र सन्तान चित बहादुर लिम्बूको जन्म भएको र कान्छी श्रीमती लिलामायाँ लिम्बूको मिति २०३३ सालमा मृत्यु भएको र निजको कोखबाट पनि १ मात्र छोरा कृष्ण बहादुर लिम्बूको जन्म भएको हो र निज कृष्ण बहादुर लिम्बूको मिति २०५७/०९/११ मा आफ्नो कालगतिले मृत्यु भई मृतक कृष्ण बहादुर लिम्बूको एक मात्र श्रीमती कुमारी लिम्बू पनि कुनै पनि सन्तानको जन्म नभएको र मिति २०५८ सालमा दोस्रो विवाह गरी सुनसरी जिल्ला धरान उ.म.न.पा.मा गएको हुँदा मेरो बाबु सेर बहादुर लिम्बू हुनु पर्नेमा नापी सर्भेका बखत दर्ता हुँदा ज.ध.किन्द बहादुर सेवाफे भन्ने सेर बहादुर लिम्बू समेत तीन जनाको संयुक्त नाममा दर्ता कायम रहेको पाँचथर जिल्ला साविक ओलने वा.नं. १ कि.नं.१३ क्षेत्रफल रो. १-१५-३-३ कि.नं.५४ क्षेत्रफल रो.१-१२-१-१ कि.नं.१२ क्षेत्रफल रो.१-२-१-० समेत का ३ कित्ता जग्गा र ज.ध. किन्द बहादुर संगवाभेको एकलौटी नाममा दर्ता कायम रहेको पाँचथर जिल्ला ओलने १ कि.नं. १९४ क्षेत्रफल रो.१-३-२-० ओलने ३क कि.नं.५७ क्षत्रफल रो.१-११-१-२ ओलने ३ख कि.नं.७ क्षेत्रफल रो.६-११-३-२ समेत जम्मा ६ कित्ता जग्गाको नजिकको हकदार एक मात्र छोरा चित बहादुर लिम्बू-१, भएको र अन्य हकदार नभएको हुँदा उक्त उल्लेखित ६ कित्ता जग्गा बाबुको भाग जति मेरो एकलौटी नाममा संशोधन सहित हकहिस्सा नामसारी गरी पाँउ ।